अर्थतन्त्रको सुधारका लागि तत्काल चाल्नु पर्ने कदमहरू

नेपाल उद्योग वाणिज्य महासंघको सुझाव

(द्रष्टव्यः मिति २०६६ फागुन १८ गते सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत सुझाव ।)

- "आर्थिक एजेण्डाले" प्राथमिकता पाउनु पर्दछ भनेर नेपाल उद्योग वाणिज्य महासंघले शुरु देखिनै आफ्ना भनाईहरु प्रस्तुत गर्दै आएको हो ।
- विद्यमान आर्थिक सूचकांक (Indicators) एवं पछिल्लो समयमा विकसित घटना क्रमले भने निजी क्षेत्रलाई थप सम्बेदनशील र चिन्तित तुल्याएको छ ।

- संगठित क्षेत्र (ठूला र मझौला) मा सञ्चालनमा रहेका उद्योग

सन् १९९६।९७	४२००
सन् २००८।२००९	३६००



- कार्यरत मजदूरको संख्या

सन् १९९६।९७	५,५०,०००
सन् २००८।२००९	३,५०,०००

- यसरी अहिलेसम्म संगठित क्षेत्रमा करिव ६ सय उद्योग बन्द भए छन् भने दुई लाख मजदूरले आफ्नो रोजगारी गुमाए ।

- चालू आ.व. को आर्थिक बृद्धिदरको (GDP) लक्ष्य ५.५ प्रतिशत राखिएकोमा उक्त बृद्धिदर ४.० प्रतिशत रहने अनुमान ।
- औद्योगिक उत्पादन गत वर्षको दांजोमा चालू आ.व. को प्रथम ६ महिनामा ०.५ प्रतिशतले कमी ।
- सरकारले ७ प्रतिशतमा सीमित राख्ने घोषणा गरेको मूल्य बृद्धि ११.३ प्रतिशतमा पुगेको ।
- संचित मुद्रा २.९ प्रतिशत (५ अर्व ६६ करोडले घटेको छ) । अघिल्लो वर्ष यसै अवधिमा उक्त मुद्रा ८.६ प्रतिशत (१२ अर्व ४१ करोडले बढेको थियो)
- उत्पादनमूलक क्षेत्रमा जोखिम, चुनौतिपूर्ण र आर्थिक लागत बढी हुन गई Cost of Doing Business महंगो पर्न गएका कारण निजी क्षेत्र गैर उत्पादनमूलक क्षेत्रमा (Non Productive Sector) बढी केन्द्रित हुन वाध्य ।

- निकासी घट्न गई २५ अर्व १२ करोड रहेको ।
- आयात ५१.७ प्रतिशतले बृद्धि भई व्यापार घाटा १ खर्व २८ अर्व पुग्न गएको
- विदेशमा शिक्षा हासिल गर्नको लागि गत आर्थिक वर्षमा १२ अर्व खर्च भएकोमा हाल ५ महिनामा मात्र ७ अर्व खर्च भईसकेको ।
- यसै अवधिमा नेपालको शोधनान्तर घाटा २० अर्व ४९ करोड ।
- सन् २००८ मा उद्योग व्यवसायमा ७५५ वटा मुख्य हडताल र बन्द भएका थिए भने २००९ मा ८२२ वटा मुख्य हडताल र बन्दका घटना (विभिन्न स्थानमा फरक फरक दिन) भएका ।
- रेमिट्यान्सको बृद्धिदर गत वर्ष ६५.८ प्रतिशत भएकोमा यस वर्षको चालू ५ महिनामा १०.४ प्रतिशतले मात्र बढ्न सकेको ।

- संविधान सभाको निर्वाचनपछि २७ जना व्यवसायीको हत्या र ६७ जना व्यवसायीको अपहरण भएको छ ।
- यी सबैको परिणाम दिगो एवं सवल आर्थिक संरचना बन्न नसकेको ।
- उद्योग विस्तार र थप लगानीको प्रकृयामा प्रत्यक्ष असर पर्न गएको ।

- World Bank / DFID / ILO / FNCCI द्वारा सञ्चालित "Nepal's Enterprises Survey 2009" अनुसार नेपालमा व्यवसाय सञ्चालनमा मुख्य अवरोध क्रमशः यस प्रकार रहेको पाईएको ।

  (१) राजनीतिक अस्थिरता

  (२) विद्युत अभाव

  (३) श्रमजन्य समस्या

  (४) पूंजिको उपलव्धतामा कमी र

  (५) यातायात एवं पूर्वाधार ।

निजी क्षेत्रको योगदान

- समुचित आर्थिक कृयाकलापमा निजी क्षेत्रको ठूलो योगदान छ ।

  क. शिक्षा ख. स्वास्थ्य ग. पर्यटन

  घ. हवाई यातायात ङ. स्थल यातायात च. बैंक, वित्तिय संस्था

  छ. निर्माण व्यबसाय ज. विविध बस्तु उत्पादन झ. संचार

  ञ. विविध सेवा विस्तार ट. वैदेशिक रोजगार ठ. स्वरोजगारका विविध व्यबसाय

  ठ. आयात निर्यात र आपूर्ति लगायतका सम्पूर्ण व्यबसाय

- ३२ वटा सरकारी उद्योग । संघ संस्थामा गरिएको १२३ अर्व ८५ करोड लगानी । ६ वटा संस्था बाहेक अन्यत्र नोक्सानीमा ।
- समुचित आर्थिक कृयाकलापमा निजी क्षेत्रको हिस्सा झिकि दिने हो भने आर्थिक संयन्त्र शून्य बराबर नै हुन्छ ।
- तर, आज सम्पूर्ण निजी क्षेत्र प्रताडित छ, गलित छ, सहज र सन्तुष्टिको वातावरण पाएको छैन ।

वाणिज्य बैंकहरूको लगानी

आर्थिक वर्ष २०६६।६७ मा वाणिज्य बैंकहरुले जम्मा ४ खर्व ६३ करोड ९२ लाख ऋण प्रवाह गरेकोमा

- Real Estate 13.40%
- Home / Housing 6.87%
- Margin Lending 1.65%
- Term Loan 11.58%
- Over Draft 38.95%
- Others 27.55%

- उद्योग । व्यवसायको समुचित विकासको लागि आवश्यक न्यूनतम आवश्यकता जस्तो

  (१) **बजार** (Market)
  (२) **व्यवस्थापन** (Management)
  (३) **जनशक्ति** (Manpower)
  (४) **मेशिन** (Machine)
  (५) **पूर्वाधार** (Infrastructure)

  जस्ता बिषय मध्ये पनि धेरै स्तरयुक्त छैनन् ।

- One Window Policy कुरामा मात्र सिमित छ ।
- लगानी मैत्री वातावरणको अभाव ।

तत्काल चाल्नु पर्ने कदमहरू

- औद्योगिक जागरण :
  - यस आर्थिक वर्षको वजेटमा पनि सम्बोधन भएको औद्योगिक नीति नेउवामहासंघले सिफारिस गरे अनुसार तुरुन्त पारित गरी प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।

    वर्तमान औद्योगिक नीतिमा राष्ट्रको चौतर्फी विकासका धेरै कृयाकलापहरु समावेश गरिएको छ ।
  - दैनिक उत्पादन घट्नु वा अवरुद्ध भनेको राष्ट्रिय नोक्सान हो भनि मनन गरी उद्योग व्यबसाय संचालनमा कुनै पनि अबस्थामा अवरोध नगर्ने प्रतिवद्धता हुनु पर्ने ।
  - उद्योग मन्त्रालय र यसका निकायलाई सवल वनाई सेवा प्रदायक बनाउने ।

शान्ति शुरक्षा :

- औद्योगिक सुरक्षा बलको गठन ।
- "Industiral Flying Squad" को व्यवस्था सहित महासंघ बीच सूचना आदान प्रदान गर्ने निश्चित प्रक्रिया (Mechanism) निर्धारण ।
- अपराधिक समूहलाई ७२ घण्टा भित्रमा पक्राउ गर्ने सुनिश्चितता ।
- राजनीतिका आवरणमा अपराध गर्ने जोसुकै किन नहुन त्यस्ता व्यक्तिहरुलाई कुनै पनि हालतमा छुट नदिईयोस् ।
- आवश्यकता र निश्चित प्रक्रिया तय गरी महासंघले सिफारिश गरेको आधारमा उद्योगी व्यवसायीले चाहेको खण्डमा "Armed Guard" राख्न पाउने कानूनी व्यवस्था ।

लोड सेडिङ्गको न्यूनिकरण ...

सरकारले गत वर्ष विद्युत संकट घोषणा गऱ्यो । तर यस अवधिमा नत स्थितिमा सुधार भयो नत नयाँ योजनानै थप भए । यस तर्फ सरकार गम्भीर नभएको पाइएकोले यस प्रति सरकारको पुनः ध्यानाकर्षण गर्दै निम्न सुझाव प्रस्तुत गर्दछौं :

- औद्योगिक कोरिडोरहरुको लागि अलग फिडरको व्यवस्था गरी स्तरिय विद्युत आपूर्ति गर्ने व्यवस्था ।
- डिमाण्ड शुल्क खारेजीको मन्त्रिपरिषद्को विगत २०६५ साल चैत्र ५ गतेको निर्णयलाई पुनः निरन्तरता ।

लोड सेडिङ्गको न्यूनिकरण ...

- Captive Generation Plant भएका उद्योगहरुलाई आ–आफ्नो Plant सञ्चालन गर्न प्रोत्साहन र सहयोग पुग्ने गरी निम्न सुविधा (Scheme) उपलब्ध गराईयोस् :
  - निगमकै खरीद मूल्यमा खरीद आदेश (PDO) उपलब्ध ।
  - यस्तो पैठारीमा भन्सार लगायत अन्य शुल्क तथा करहरु पूर्ण रुपमा छुट ।
- मल्टिफ्यूल प्लाण्टलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने व्यवस्था ।
- "थर्मल प्लाण्ट"को व्यबस्था ।
- विद्युत उत्पादनमा विशेष पहल गरी स्थानीय निकायमा बिना अवरोध काम गर्न सक्ने वातावरण ।

श्रम सम्बन्ध सुधार

औद्योगिक श्रम सम्बन्ध अहिले पनि अस्थिर र तरल अवस्थामा छ। विभिन्न निहुंमा श्रम अशान्ति र विवादको घटना घटि रहेका छन्। अतः सुमधुर औद्योगिक श्रम सम्बन्ध स्थापनामा तत्काल निम्न व्यवस्था हुनु पर्ने हाम्रो सुझाव :

- श्रम क्षेत्रलाई राजनीतिक प्रश्रयबाट मुक्त गरी उत्पादकत्व बृद्धिमा जोड।
- सबै क्षेत्रमा भएको श्रम अशान्ति हटाउनु पर्ने।
- सामुहिक सौदावाजी लगायत बिभिन्न कारण धेरै उद्योग व्यबसायहरु निरन्तर बन्दको चपेटामा।
- नयाँ श्रम ऐन यथाशीघ्र प्याकेजमा तर्जुमा गर्ने व्यवस्था सहित सामाजिक सुरक्षा र श्रम लचकताको सुनश्चितता।

श्रम सम्बन्ध सुधार ...

- व्यवस्थापनले पूरा गर्नै नसक्ने माग राखी उद्योग प्रतिष्ठानमा हडताल र बन्द गर्ने नीतिलाई कुनै अवस्थामा पनि प्रोत्साहन नगर्ने।
- काम नगरी खाने प्रबृत्ति बढ्दै गएकोले काम नगरेको दिनको ज्याला। पारिश्रमिक (No Work No Pay) को अवधारणा बनाई बढी काम गरे बढी पारिश्रमिक पाउने (More Work More Pay) वातावरण बनाउने।
- उपरोक्त नीति नियमको अविलम्ब तर्जुमा सहित सरकारको तर्फबाट उद्योग व्यबसाय संचालनको वातावरणको लागि सहजकर्ताको प्रभावकारी भूमिका खेल्ने।

आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन

- आयात प्रतिस्थापन :
  - कृषि क्षेत्रमा व्यापक सुधारको साथ सुबिधा प्रदान गरी लागतको प्रतिफल पाउन सक्ने वातावरण ।
  - व्यबसायिक खेतीमा जोड ।
  - उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता एवं उत्पादकत्व वृद्धिमा जोड ।
  - स्वदेशी बस्तुको खरीद अनिवार्य गर्ने गरी खरीद नियमावलीमा संशोधन गर्ने व्यबस्था ।
  - प्राथमिकताका साथ पर्यटन बिस्तार एवं पर्यटन वर्ष २०११ लाई सफल बनाउन जोड ।

निकासी प्रबर्द्धन

- आफ्नो उत्पादनको ८० प्रतिशत बस्तु निर्यात गर्ने सबै उद्योगलाई आयकरमा छुट ।
- निकासीमूलक उद्योगलाई अधिकतम सहुलियत दरमा बैंकबाट कर्जा उपलव्ध गराउने व्यवस्था ।
- पहिले घरेलु उद्योगमा रहि आएका उद्योगलाई घरेलु उद्योगकै वर्गमा पार्ने नीतिगत व्यवस्था होस् – जस्तै गलैंचा उद्योग ।
- Export Trading House स्थापना र निकासी उद्योगले पाए सरह सम्पूर्ण सुविधा ।

निकासी प्रबर्द्धन ...

- अन्तर्राष्ट्रियस्तरको Accredited प्रयोगशाला स्थापना र प्रमाणीकरणको यथाशीघ्र व्यवस्था ।
- निर्यात प्रक्रिया छिटो गर्नुको साथै निर्यात सम्बन्धी आवश्यक कागजपत्रहरुको संख्या सकेसम्म कम गरी One Window System को व्यवस्था गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको भन्सार विन्दुसंगै यसको कार्यालय राखी निकासी प्रोत्साहनको व्यवस्था ।
- Economic Diplomacy को उचित प्रबन्ध गर्ने ।
- मापदण्ड पुऱ्याएर सञ्चालन गर भनी इजाजत दिई स्थापना भएका क्रसर उद्योगको उत्पादन गिटी, रोडा, बालुवाको भारत निकासी तुरुन्त फुकुवा ।

वित्तिय क्षेत्रको सुधार

<u>शेयर बजार</u> :

- केन्द्रिय निक्षेप प्रणाली (Central Deposit System - CDS) को व्यवस्था गरी शेयर बजारको कारोवारलाई जिल्ला र संस्थागत क्षेत्रबाट पनि लगानी गर्ने वातावरण तयार ।
- Mutual Fund सम्बन्धी ऐन नियमहरु तुरुन्त ल्याउने ।
- अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलन अनुसार “मार्जिन लेण्डिङ्ग कर्जा” को उचित व्यवस्था ।

अल्पकालिन व्यबस्था

- Cash Reserve Ratio लाई यस आर्थिक वर्ष ४.५ प्रतिशत बनाउनु पर्ने ।
- बैंक तथा वित्तिय संस्थाहरुको उत्पादनशील क्षेत्रमा (Productive Sector) कर्जा प्रवाहको निश्चित प्रतिशत रकम न्यून व्याजदरमा लगानी गर्नु पर्ने ।
- नेपाल राष्ट्र बैंकले रुग्ण उद्योगहरुको पुनरस्थापनको लागि दिईएको कर्जाको प्रक्रियागत समस्याका कारण बजारमा आउन नसकेकोले त्यस कोषबाट कर्जा प्रवाह गर्दा अपाईने प्रक्रियालाई तत्काल सरलिकरण गर्नु पर्ने ।

अल्पकालिन व्यबस्था ...

- पूंजीगत खर्च बढाउनु पर्ने ।
- संगठित संस्थाहरुको व्याजदरमा केही समयका लागि नियमन हुनु पर्ने ।
- पूंजिको श्रोत जुटाउन विदेशी बैंकहरुबाट सहुलियत दरमा ऋण ल्याउन सरकार तथा ने.रा.बैंकबाट आवश्यक व्यवस्था तत्काल हुनु पर्ने ।

लगानी वातावरण सुधार

- हाल देखिएको तरलता सम्बन्धी समस्या तत्कालिन समस्या भएको र सोही समस्याको कारण बैंक तथा वित्तिय संस्थाहरुले अनियन्त्रित ढंगबाट विगतको दिनमा गरिएको कर्जा प्रवाहमा समेत अप्रत्यासित ढंगले व्याज बृद्धि गरेकोले Cost of Fund को आधारमा मात्र व्याजदर बढाउन सक्ने व्यवस्था हुनु पर्ने ।
- अव उप्रान्त उत्पादनशील क्षेत्रमा प्रवाह हुने कर्जामा यस आर्थिक वर्षको बांकी अवधिको लागि अधिकत्तम ४ प्रतिशत Spread Rate मा कर्जा प्रवाह हुने व्यवस्था हुनु पर्ने ।

लगानी वातावरण सुधार ...

- कुनै त्रैमासिक सांवा । व्याज त्रैमासिक भुक्तानी भएको १ महिना भित्र तिर्ने व्यबस्था हुनु पर्ने ।
- T.R. Loan को अवधि ६ महिना कायम गर्नु पर्ने ।
- राष्ट्रिय प्राथमिकता प्राप्त उत्पादनमूलक क्षेत्रलाई नेपाल राष्ट्र बैंकबाट सहुलियत दरमा पुनर्कर्जाको व्यबस्था हुनु पर्ने ।

चक्रव्यूह भित्र आर्थिक अबस्था

- १९९० पछि खुला अर्थतन्त्र अन्तरगत वहुराष्ट्रिय कम्पनीहरु समेतले लगानी गरी उत्पादन बढ्दै गई गार्मेन्ट । कार्पेट आदी क्षेत्रले निकासीको Record कायम गरेको ।
- हाल असहज औद्योगिक वातावरणको कारण उद्योग धन्दाहरु घट्दै गएकोले उत्पादनमा ह्रास, वेरोजगारी वृद्धि, सामाजिक असामानजस्यता बढ्दो ।
- उत्पादनमा ह्रासको कारण निर्यातमा कमी, आयात वृद्धि, सोधनान्तर स्थितिमा प्रत्यक्ष असर ।
- उत्पादन कमको कारण वचतमा कमी ।
- कम वचतकै कारण लगानीमा असर ।
- उत्पादक क्षेत्रमा लगानी नहुनाको कारण उत्पादकत्वमा अझ कमी ।

अन्त्यमा

- लामो समयको द्वन्द र राजनैतिक अस्थिरताको कारण रुग्ण भएका उद्योगहरुको पहिचान गरी चालु गर्न सक्ने वातावरण बनाउने ।
- मौजुदा उद्योगहरु आफ्नो काबु बाहिरको विविध समस्याहरुले ग्रसित भै दिन प्रतिदिन सिथिल बन्दै गएकोले उद्योगहरुको वास्तविक समस्या पहिचान गरी थप रुग्ण हुन नदिने ।
- उद्योगी व्यबसायीले थप लगानी गर्ने वातावरण सृजना गर्ने ।
- नेपाल दक्षिण एशियामा सबैभन्दा कम उत्पादन भएको देश तर विश्वमा सबैभन्दा बढी बिदा दिने देश भएकोले सरकारी बिदामा कटौती गरी उद्योग प्रतिष्ठानमा हुने बिदामा समेत घटाउनु पर्ने ।

अन्त्यमा ...

- उद्योग नै दिगो आर्थिक विकासको मेरुदण्ड भएकोले आर्थिक एजेण्डालाई प्राथमिकता दिई आर्थिक क्रान्तिको थालनी गर्ने
- सम्पूर्ण लगानीको सम्वर्द्धन र संरक्षण गर्ने ।
- उत्पादकत्व एवं आर्थिक कृयाकलापलाई असर पर्ने कुनै पनि बन्द हडताल चक्का जाम सदाको लागि बन्द गर्ने ।
- औद्योगिक क्रान्तिको लागि सघाउ पुग्ने खालको औद्योगिक नीति अविलम्ब पारित गरी प्रभावकारी किसिमले कार्यान्वयन गर्ने ।
- उद्योगी व्यबसायीको उचित सम्मान र कदर गर्ने संस्कार बसाल्ने ।

अन्त्यमा ...

- उद्योग व्यबसायहरु सुनिश्चिताका साथ संचालन गर्न आवश्यक कानूनको तर्जुमा गरी कम्पनी ऐनलाई पनि समय सापेक्ष संशोधन गरी औद्योगिक मैत्री बनाउने ।
- नेपाल उद्योग वाणिज्य महासंघ देशको सबै क्षेत्र र सबै विधा समेटिएको संघीय संरचना भएकोले यस महासंघलाई विश्वासमा लिई विद्यमान आर्थिक दुरावस्था हटाई सम्भावित सबै क्षेत्रको कृयाकलापहरु वृद्धि गरी रोजगारी एवं लगानी बढाउने ।
- सरकारको कार्यक्रममा निजी क्षेत्रको सहयोग निरन्तर रहने पूर्ण प्रतिबद्धता एवं विश्वास दिलाउंदछु ।

धन्यवाद